जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक १६२ २०८२ साल माघ १३ गते मंगलबार (27 Jan 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दल र उम्मेदवारका... ३ पृष्ठमा : सामाजिक सञ्जालको दुरुपयोग ... ३ पृष्ठमा : अमेरिकामा भीषण आँधी : ११ ...

# सप्तरी निर्वाचन क्षेत्र नं. १ मा रोचक प्रतिस्पर्धा
## नयाँ र पुराना दल आमने-सामने







**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

सप्तरीको सवैभन्दव बढी मतदाता रहेको निर्वाचन क्षेत्र नं.१ मा प्रतिनिधी सभासदस्य पदको चुनाव जित्न विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

**"क्षेत्र नं.१ मा प्रतिनिधी सभासदस्य पदको चुनाव जित्न विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।"**

सर्वाधिक १ लाख १९ हजार ४३ मतदाता रहेको यस निर्वाचन क्षेत्रमा एक प्रतिनिधिसभा सदस्य पदका लागि विभिन्न दल र स्वतन्त्रका गरी ५ महिला सहित २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका हुन् ।

चारवटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा सप्तरी १ बाट नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, नेकपा एमालेका सुमनराज प्याकुरेल, जनमत पार्टीका डा.जयकान्त राउत, स्वाभिमान पार्टीका सुमित साह र रास्वपाका पुष्पा चौधरीबीच मुख्य रुपमा प्रतिस्पर्धा हुने देखिएको छ ।

यस क्षेत्रबाट काँग्रेसका उम्मेदवार साह लगातार दुई निर्वाचन देखि उम्मेदवार बन्दै आएका छन् तर, सफलता हात परेको छैन् । यस अघिको निर्वाचनमा तेस्रो स्थानमा रहेका उनी यस पटकको निर्वाचनमा आफ्नो पक्षमा माहौल बन्दै गएकाले जित निकाल्ने दावी गरेका छन् ।

यस्तै दुई पटक सोही क्षेत्रबाट पराजय भोगेका नेकपा एमालेका उम्मेदवार प्याकुरेलले यसपटक आफु निर्वाचनमा सफलता प्राप्त गर्ने दावी गरेका छन् । उनले यस क्षेत्रबाट जितेकाले केही गर्न नसकेको भन्दै आफु जितेर क्षेत्रको विकास गर्ने मतदाता माफ प्रतिबद्धता जनाएका छन् ।

जनमतका अध्यक्ष डा.सिके राउतका दाजु डा.जयकान्त राउत पनि चुनावी प्रतिस्पर्धामा छन । २०७९ को निर्वाचनमा दोश्रो स्थानमा रहेका उनी यस पल्ट मतदाताले आफुलाई विश्वास गर्ने र जीत निकाल्ने विश्वास ब्यक्त गर्दै आएका छन ।

रास्वपाबाट उम्मेदवार बनेकी पुष्पा चौधरीले आफ्नो पार्टी प्रति आम मतदाताको आर्कषण बढ्दै गएकोले जनलहरको फाईदा आफुलाई हुने र चुनाव पनि जित्ने दावी गरेकी छिन् ।

यस क्षेत्रमा अघिल्लो निर्वाचनमा जसपा नेपालका तर्फबाट उम्मेदवार भएका नवल किशोर साहले जितेका थिए । यस पल्ट उनको छोरा सुमित नयाँ दल स्वभिमान पार्टीबाट उम्मेदवार बनेर चुनावी मैदानमा ओर्लेका छन । आफनो पक्षमा स्वतफुर्त रुपमा जनलहर देखिएको र त्यो जनलहर मतदान सम्म कायम रहने र आफु नै चुनाव जित्ने उनको दावी छ ।

यस क्षेत्रबाट नेकपाका रविन्द्र चौधरी, जसपा नेपालका श्यामसुन्दर सरदार, उज्यालो नेपाल पार्टीका हर्खनारायण चौधरी, राप्रपाका सत्यजित कुमार झा, नेपाल जनता पार्टीका दिपेन्द्र प्रसाद यादव, नेपाल जनता संरक्षणपार्टीका खेमराज जैशी, नागरिक उन्नमुक्ति पार्टीका टिका लक्ष्मी चौधरी, राष्ट्रिय एकता दलका शम्भु प्रसाद यादव र ५ स्वतन्त्र गरी २१ जना उम्मेदवार पहिलो स्थान प्राप्त गर्नेमा प्रयासरत छन् । यस क्षेत्रमा कन्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका र तिरहुत गाउँपालिका गरी ५ पालिका पर्दछ ।

# बरख गणद्वारा न्यानो कपडा वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

नेपाली सेनाको राजविराजस्थित बरख गणले बार्षिकोत्सवको अवसरमा बहिरा तथा बौद्धिक अपाङ्ग विद्यार्थीहरुलाई भोजनसहित न्यानो कपडा वितरण गरेको छ ।

गणको २४३सौं बार्षिकोत्वस मनाउँदै सेनाले राजविराज वडा नम्बर ६ स्थित बहिरा बालक स्कुलका ३२ जना विद्यार्थीहरुलाई भोजन गराएर न्यानो कपडा वितरण गरिएको हो ।

स्कुलका २० जना बहिरा तथा १२ जना बौद्धिक अपाङ्गलाई बरखगणको तर्फबाट भोजन गराईएको र सहिद परिवारका तर्फबाट न्यानो कपडा ट्र्याकसुट वितरण गरिएको बरखगणका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिए ।

कार्यक्रममा बैद्धिक अपाङ्ग संघका केन्द्रिय सदस्य जगदीश अर्यालले नेपाली सेनाले गरेको सहयोग प्रति अभार प्रकट गर्दे धन्यवाद दिए ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

**सामाजिक सञ्जालमा:**
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### चुनावलाई महँगो नबनाऊ

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरुले प्रचार प्रसार तिब्र रुपमा गरिरहेका छन् । फागुन २१ गते हुने उक्त निर्वाचनका लागि सबै दलगरि स्वतन्त्र उम्मेदवारसमेतले प्रचार प्रसार गर्न समेत प्रतिस्पर्धामा उत्रिएका छन् । निर्वाचनमा एक जनाको जित र बाँकीको हार सुनिश्चित् हुने हुँदा आ-आफ्नो पक्षमा चुनावको परिणाम पार्न अहिले उम्मेदवारहरुले चुनावको प्रचार प्रसारको सामाग्रिमै प्रतिस्पर्धा गर्दैछन् । अहिलेको चुनाव अत्यन्त महँगो भएको छ । उम्मेदवारहरुले भडकिलो प्रचार प्रसार सामाग्रिहरु छपाएर सार्वजनिक स्थान, घर घरमा, मतदातको हातमा तथा आफ्नो गाडीहरुमा प्रयोग गर्दै आइरहेका छन् ।

गरिब व्यक्तिहरुले चुनावमा उम्मेदवारी दिन अहिले नसोच जस्तै भएको छ । कीन भने चुनावमा गरिने खर्च अत्यन्त महँगो हुँदै गएको छ । निर्वाचनका लागि निर्वाचन आयोगले समेत पर्याप्त प्रचार प्रसारको समय दिएर पनि होला धनी उम्मेदवारहरु आफु खुशी खर्च गर्न लागिपरेका छन् । आयोगले झण्डै डेढ महिनाको समय निर्वाचन क्षेत्र ठूलो भएकोले सम्पूर्ण मतदाताको घर घरमा उम्मेदवारले आफ्नो धारणा राख्न सकोस् भनी समय दिइएको हो । तर अहिले उम्मेदवारहरुले सो समयको सदुपयोग गर्दै उम्मेदवारहको घर घरमा पुग्नुका साथै व्यापक प्रचार प्रसार सामाग्रिहरुमा खर्च गरेको देखिन्छ ।

तसर्थ चुनावलाई महँगो नबनाएर उम्मेदवारहरु मतदाताको घर घरमा पुगि आफ्नो धारणा, प्रतिबद्धता विकासीय कार्यको योजना तथा योग्य उम्मेदवारको पहिचान दिएर मतदाताको मन जित्ने कार्य गर्नु पर्ने आवश्यकता रहेको छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# दल र उम्मेदवारका 'एजेन्डा'माथि मतदाताको चासो

**नारायण न्यौपाने र अशोक घिमिरे**

काठमाडौँ, १२ माघ (रासस) ।

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन आउन ३८ दिन बाँकी रहँदा अधिकांश उम्मेदवार मतदातालाई विश्वास लिई चुनावी परिणाम आफ्नो पक्षमा पार्न निर्वाचन क्षेत्र पुगिसेका छन् ।

मुलुकमा विशेष परिस्थितिका कारण यसपटक हुन लागेको आमनिर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरू के-कस्ता 'एजेन्डा' लिएर आउँछन् र कसरी प्रस्तुत हुन्छन् भन्ने विषयमा आममतदाता विभिन्न अड्कलबाजी गरिरहेका छन् ।

अघिल्ला निर्वाचनको तुलनामा यसपटक पुराना दल र नयाँ दल, पुराना उम्मेदवार र नयाँ उम्मेदवारका विषयमा सहर र गाउँमा मात्रै होइन, चोक र चिया पसलमा समेत आ-आफ्नो कोणबाट चर्चापरिचर्चा गरिरहेको पाइन्छ । कसिलो बन्दै गएको निर्वाचन आचारसंहिता र प्रविधिको बढ्दो प्रयोगका कारण अहिले चुनाव प्रचारमा 'डिजिटल शैली' अपनाउन थालिएको छ ।

जसले गर्दा विगतमा आमसभामार्फत आफ्ना एजेन्डा प्रस्तुत गर्ने र उठेका विषयवस्तुबारे स्पष्ट पार्ने कार्य अहिले सामाजिक सञ्जाल दह्रिलो माध्यम बनेको छ । उम्मेदवारहरूले भौतिक रूपमा सम्भव नभएको अवस्थामा सामाजिक सञ्जाललाई नै चुनाव प्रचारको माध्यम बनाएका छन् ।

औपचारिक रूपमा आगमी फागुन ३ देखि १८ गतेसम्म मात्रै निर्वाचन प्रचारप्रसार गर्न पाइन्छ । उम्मेदवारी दर्ता भएका दिनदेखि नै उम्मेदवारहरू आ-आफ्नो ढङ्गले मतदातासँगको साक्षात्कारमा पुगेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीका नेता एवं सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधव सापकोटा उम्मेदवारलाई मतदातालाई कसरी खुसी पार्ने भन्ने दबाबका बीच विधायिकाको भूमिका पनि बुझाउने प्रयासमा रहेको बताउनुहुन्छ ।

"सहरी क्षेत्रका मतदाता परिवर्तन, सुशासनलगायत मुद्दामा केन्द्रित हुनुन्छ भने ग्रामीण क्षेत्रमा त्यहाँको पूर्वाधार र विकास निर्माणमा जोड छ । कानुन निर्माणको विषयमा कम चासो व्यक्त भएको छ", मतदातासँगको साक्षात्कारमा रहनुभएका नेता सापकोटाले भन्नुभयो ।

उहाँका अनुसार नवपुस्ताले विभिन्न समृद्ध मुलुकसँग तुलना गरेर उम्मेदवारसँग प्रश्न गर्ने गरेका छन् । नयाँ पुस्ताको तीव्र परिवर्तनको चाहनालाई सम्बोधन गर्नुपर्छ । सो क्षेत्रमा स्वतन्त्र र राजनीतिक दलका गरी १० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

"अघिल्लो र अहिलेको निर्वाचन नितान्त नयाँ पृष्ठभूमिमा हुन लागेकाले यो निरन्रता मात्रै नभई विशेष प्रकृतिको निर्वाचन हो, अघिल्ला निर्वाचन निरन्तता‍मा नियमितता थियो । यो आकस्मिकता र विशेष परिस्थितिमा भएको हुन लागेको छ", उहाँले भन्नुभयो ।

मतदाता परिवर्तन र सक्षम उम्मेदवार छनोटको 'मुड'मा रहेको आफूले पाएको नेता सापकोटाले बताउनुभयो । "वर्षौंदेखि कुनै पार्टीमा आबद्धता भएका मतदाता पनि उम्मेदवारलाई हेरेर मतदान गर्छौं भन्ने विचारमा हुनुहुन्छ", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता एवं मकवानपुर निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बर्तौलाले मतदातासँगको अन्तरक्रियामा पाँच वर्षका लागि निर्वाचित गरेर पठाएकामा ३२ महिना पुग्दा नपुग्दै पुनः निर्वाचनमा फर्कने स्थिति कसका कारण बन्यो भनेर जिज्ञासा राख्ने गर्नुभएको बताउनुभयो ।

उहाँका अनुसार विगतका तुलनामा पछिल्लो समय निर्वाचित जनप्रतिनिधिहरू बेलाबखत गाउँ फर्केर जनताका माझमा पुग्ने अवस्थालाई मतदाताले सकारात्मक रूपमा लिएका छन् । "सैद्धान्तिक हिसाबले जनप्रतिनिधि कानुन र विधि निर्माता हुन् । तर सांसदलाई नै विकास निर्माणको अगुवामा मानेर खेलमैदान, धारा, पानी, सिँचाइ, मन्दिर, गुम्बा, अस्पताल, बाटो, विद्यालयलगायतको माग सम्बोधन गर्नुपर्छ भन्ने कतिपय मतदाताको भावना रहेको छ", नेता बर्तौलाले भन्नुभयो ।

मतदातासँगको अन्तरक्रियामा नवपुस्तालाई राष्ट्रिय मामिला, स्वाधीनता, भौगोलिक अखण्डताका विषयमा अझ बढी साक्षात्कार गर्नुपर्ने महसुस भएको जनाउँदै उहाँले शासकीय प्रबन्ध, संवैधानिक व्यवस्था, दलीय व्यवस्थाका विशेषता, कार्यप्रकृति, लोकतान्त्रिक मूल्य मान्यता, संसद, संसदीय मामिला र सांसदको भूमिकाका बारेमा बुझाउन ठूलो मेनहत गर्नुपर्ने बताउनुभयो ।

नेता बर्तौलाले भन्नुभयो, "सहिष्णुता र हार्दिकताभन्दा कुनै दल विशेषको छाताभित्र रहेर नै पनि कतिपय दल र उम्मेदवारप्रति आलोचना, आवेग, उत्तेजना, भड्काउजस्ता दृष्टिकोण समाजमा प्रकट गर्न खोजिनु अव्यावहारिक छ । त्यसमा सुधारको खाँचो छ ।"

संसद्ले बजेट बनाउने हुँदा मतदाताले उठाएका विकास निर्माणसम्बन्धी माग सम्बोधन गर्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्ने बताउँदै उहाँले संसद्मा रहँदा गुणस्तरीय कानुन निर्माणमा जनप्रतिनधिले कति ध्यान दियो भन्ने प्रश्न भने अत्यन्त कमजोर रहेको छ भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं धनुषा निर्वाचन क्षेत्र नं ३ उम्मेदवार मनिष झा निर्वाचनप्रतिको उत्साह र परिवर्तनको माहोल राम्रो देखिएको प्रतिक्रिया दिनुहुन्छ । "अधिकारको लडाई लडिरहेको मधेसले कार्यकारी भूमिकामा मधेस पुत्र पुग्दै गर्दा त्यो अवसरलाई गुमाउन हुँदैन भन्ने आमबुझाइ छ", उहाँले भन्नुभयो, "हामीले 'डेलिभरी' दिन तयार छौँ, त्यही कुरा मात्रै उनीहरूको माग छ ।"

मतदाताको ठूलो माग नभएकाले विमानस्थल होइन, सडकमा किन खाल्डो छ भन्ने कुरा सोधिरहेको उल्लेख गर्दै नेता झाले विकास निर्माणको लागतअनुसारको गुणस्तर कामय नहुनुले भ्रष्टाचार भइरहेको छ भन्ने जनताको बुझाइ गलत नभएको बताउनुभयो ।

भ्रष्टाचार न्यूनीकरण, सुशासनसँगै सार्वजनिक यातायात र सेवा प्रवाहमा सहजीकरण होस् भन्ने जनताको माग रहेको उल्लेख गर्दै उहाँले मुलुक सङ्घीयतामा गइसकेपछि केन्द्रीकृत रहेको सेवा प्रवाहलाई पनि विकेन्द्रीत गर्नुपर्छ भन्ने जनआवाज अझै आफूले पाइरहेको जानकारी दिनुभयो । सो निर्वाचन क्षेत्रमा पाँच पालिका र ३८ वटा वडा रहेको छ ।

नेपाली कांग्रेसका नेता एवं रौतहट निर्वाचन क्षेत्र नं ४ का उम्मेदवार देवप्रसाद तिमिल्सिनाले आर्थिक अवस्था कमजोर रहेको देशमा खर्चिलो चुनाव पटकपटक हुँदा विकास निर्माणका लागि प्रयोग गर्नुपर्ने बजेट प्रभावित हुने विषयमा मतदाताबाट चासो र चिन्ता प्रकट भएको बताउनुभया । उहाँले भन्नुभयो, "त्यो रकम विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानीमा लगानी गर्न पाए हुन्थ्यो भन्ने जनभावना छ, पाँच वर्षका लागि चुनेर पठाएका थियौँ, बीचैमा फर्केर फेरि मत माग्न आउनुभयो । देश र जनताको पक्षमा समयमै जेजस्तो काम गर्नुपर्थ्यो, त्यो समयमै नहुँदा यो अवस्था आएको हो कि भन्ने मतदाताको जिज्ञासा छ ।"

निर्वाचनमा सफलता प्राप्त भएमा जनताको भावनालाई आगामी दिनमा पनि सदनमा उठाउन आफू लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै नेता तिमिल्सिनाले पछिल्लो समय उम्मेदवारभन्दा पनि मतदाता हरेक हिसाबले सजग र सचेत बन्दै गएको आफूले पाएको बताउनुभयो । "शिक्षा, स्वास्थ्य, खानेपानी, आवास जिल्लाको मुख्य प्राथमिकता हुन् । निर्वाचनमा जनतामा निर्णायक भएकाले उहाँहरू रोजाइका आधारमा निर्वाचित हुने हो । नयाँ नेतृत्वसहित नयाँ एजेन्डा लिएर कांग्रेस अघि बढेको छ । यसपटक जनताको अपेक्षा पूरा गर्न सक्छौं भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेत्री एवं सल्यान निर्वाचन क्षेत्र नं १ का उम्मेदवार अनिशा नेपाली गाउँमा गएर मतदातासँग भेटघाटको क्रम चलिरहेको बताउनुभयो । "आफूहरूले उठाएका विकास पूर्वाधारका काम पूरा नभएको भन्ने जनगुनासो छ । भौतिक पूर्वाधार, जनजीविकाका सबाल सम्बोधन भएनन् भन्ने भागलाई आफू विजयी भएको खण्डमा पूरा गर्नेछु", उहाँले भन्नुभयो ।

# मापदण्डबमोजिम कागजातसहित भुक्तानी दाबी गर्न बोर्डको स्वास्थ्य संस्थालाई अनुरोध

काठमाडौँ, १२ माघ (रासस) ।

स्वास्थ्य बीमा बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थालाई बोर्डको मापदण्डबमोजिम कागजातसहित दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ ।

बोर्डले जथाभावी रूपमा मापदण्ड विपरीत स्वास्थ्य बीमाबापत भुक्तानी दाबी गरेपछि स्वास्थ्य संस्थालाई एक समिति बनाई दाबीको पुनरावलोकन गर्न आग्रह गरेको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो ।

"स्वास्थ्य बीमा गरे बापतको दाबीसहित हामीले पठाएको विवरणमा धेरै नै त्रुटि हुने गर्दछन्," उहाँले भन्नुभयो, "स्वास्थ्य संस्थाले गर्ने दाबी बापतको रकमलाई पुनः एकपटक त्यही स्वास्थ्य संस्थामा पुनरावलोकन गर्नका लागि समिति बनाउनु आग्रह गरेको हौँ ।"

उहाँले स्वास्थ्य बीमा रियल टाइम दाबी गर्नेसम्बन्धी कार्यविधि-२०८० अनुसार दाबी रुजु तथा मूल्याङ्कन प्रक्रियालाई थप सहज बनाई सेवा प्रदायक स्वास्थ्य संस्थाका दाबीमा हुने अस्वीकृत दर घटाउनका लागि सम्बन्धित स्वास्थ्य संस्थाले पुनरावलोकन समिति बनाउन आवश्यक रहेको बताउनुभयो ।

बोर्डले स्वास्थ्य संस्थाबाट दाबी प्रविष्ट गर्नुपूर्व समितिले नै दाबीउपर पुनरावलोकन तथा रुजु गरी त्यसपश्चात् मात्र बोर्डको मापदण्डबमोजिम कागजात सहितको दाबी प्रविष्ट गर्न अनुरोध गरेको छ ।

बोर्डले तोकिएको मापदण्डअनुसार प्राप्त नभएका स्वास्थ्य बीमा गरे बापतको

बाँकी तीन पृष्ठमा

# सामाजिक सञ्जालको दुरुपयोग रोक्न निर्वाचन आयोगको पहल

**प्रकाश सिलवाल**

काठमाडौँ, १२ माघ (रासस)।

निर्वाचनमा सामाजिक सञ्जालबाट हुने निर्वाचन आचारसंहिता उल्लङ्घनको नियमन चुनौतीपूर्ण बन्दै आएको छ। मुलुकको बिषम स्थितिमा आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन नजिकिँदै गर्दा यो विषय पेचिलो हुने देखिएको छ।

आसन्न निर्वाचनका लागि यही माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता भइसकेको छ। त्यस क्रममा मधेस प्रदेशको एक जिल्लामा कुनै एक पार्टीले छिमेकी भारतको बिहारबाट ल्याइएका भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरिएको भनेर सामाजिक सञ्जालमा आलोचनाको विषय बन्यो। ती तस्बिर कहिले र कुन जिल्लाको भन्ने विस्तृत विवरणविना नै सञ्चालमा चर्चा भए पनि त्यसको पक्ष विपक्षमा मत अभिमत सार्वजनिक भइरहेका छन्। विदेशी सवारीसाधनको अनधिकृत प्रयोग मात्र होइन निर्वाचन प्रचारप्रसारका क्रममा सामाजिक सञ्जालमार्फत उम्मेदवारको मानमर्दन हुने गरी नाराबाजी गरिएका दृश्य प्रसारण भइरहेका छन्।

उम्मेदवारी दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी सहभागी हुन नहुने र तडकभडक गर्न नहुने निर्वाचन आचारसंहितालाई समेत धेरैजसो राजनीतिक दल र उम्मेदवारले उलङ्घन गरेको पाइएको छ। प्रचारप्रसारकै क्रममा दल र उम्मेदवारको झण्डा र ब्यानरसँगै बालबालिकाको प्रयोग भएका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा सम्प्रेषण भएको देख्न सकिन्छ। मनोनयपत्र दर्ताकै क्रममा बहालवाला मुख्यमन्त्री उम्मेदवारसँगै निर्वाचन अधिकृतको कार्यालयमा सहभागी भएको विषयमा निर्वाचन आयोगले स्पष्टीकरण नै सोधेको थियो। यसबीचमा कतिपय दल र उम्मेदवारले आफ्नो प्रचारका क्रममा राष्ट्रिय झण्डाको प्रयोगसमेत गरेका छन्। यसलाई राष्ट्रिय झण्डाको दुरुपयोग गरियो भनेर आलोचनासमेत भइरहेको छ।

आयोगले भने आचारसंहिता पालना र समाजिक सञ्जालमार्फत भ्रम फैलाउने गरी हुने प्रचारप्रसारको शूक्ष्म निगरानी भइरहेको जनाएको छ। कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनका समयमा प्रवाह हुने मिथ्या, भ्रामक सूचना, घृणास्पद अभिव्यक्ति निरुत्साहित र नियन्त्रण गर्न प्रभावकारी अनुगमन हुने बताउनुभयो। उहाँले विसं २०७९ को निर्वाचनमा पनि निर्वाचन आयोगले सम्बद्ध निकायको सहयोग र सामाजिक सञ्जाल सञ्चालकका प्रतिनिधिमार्फत विशेष पहल गरेको स्मरण गर्दै यस पटक त्यसलाई थप प्रभावकारी बनाइने बताउनुभएको हो। एआईलगायत प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जालका माध्यमबाट विपक्षीको चरित्र हत्या र नागरिकमाझ भ्रामक सूचना प्रसार गर्ने प्रयासलाई रोकिने र यसमा सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको कार्यबाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ।

निर्वाचन आयोगका अनुसार विद्युतीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा पछिल्लो हप्ता फेला परेका आठ ओटा हानिकारक सूचना सम्प्रेषण गर्नेलाई कानुनबमोजिम कारबाही गर्न प्रेस काउन्सिल नेपाल, नेपाल प्रहरीको साइबर ब्युरो र आयोगको केन्द्रीय निर्वाचन आचारसंहिता अनुमगन समितिमा पठाएको छ। निर्वाचनमा सामाजिक सञ्जालको प्रयोगबाट हुने मिथ्या र भ्रामक सूचना तथा द्वेषपूर्ण अभिव्यक्ति नियन्त्रण र नियमनका लागि आयोगले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक कम्पनीसँगको सहकार्यलाई प्राथमिकतामा राखेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार हानिकारक सूचनाअन्तर्गत पर्ने गलत, भ्रामक सूचना र गाली गलौजयुक्त अभिव्यक्तिले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकाले त्यस्ता सूचनालाई नियन्त्रण तथा नियमनका लागि पहल भइरहेको छ। यसका लागि नियामक निकायसँग समन्वय र सहजीकरण गर्न आयोगले स्थापना गरेको सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्ण रूपमा क्रियाशील रहेको उहाँले जानकारी दिनुभयो। उक्त एकाइको कार्यदक्षता बढाउन संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा 'इ-मनिटरिङ प्लस' सफ्टवेयर प्रणाली प्रयोगमा ल्याइएको छ भने सो प्रणाली प्रयोगका लागि कर्मचारीको क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको छ।

आयोगले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूलका यस्ता गतिविधि निर्वाचनको दिन नजिकिँदै गर्दा अझ बढ्न सक्ने स्थिति देखापरेको भन्दै सचेत रहन सबैलाई आग्रहसमेत गरेको छ। आयोगले आगामी फागुन ४ गतेदेखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारका लागि समय निर्धारण गरेको छ। निर्वाचनका लागि यही माघ १० गते निर्वाचन चिह्न प्रदान भइसकेकाले घरदैलो र भेटघाट गर्न भने दल र उम्मेदवारलाई कुनै बाधा छैन। तोकिएको प्रचार अवधिबाहेक अन्य समयमा आमसभा, र्‍याली र ठूला कार्यक्रम गर्न भने निर्वाचन आचारसंहिताले रोकेको छ।

आयोगका साथै निर्वाचनमा डिजिटल माध्यम निगरानी गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई प्रभावकारी रूपमा परिचालन गर्न गृह मन्त्रालयले पत्राचार गरेको छ। डिजिटल प्लेटफर्मको दुरुपयोग गरी अफवाह फैलिन नदिन संयन्त्र परिचालनका लागि गृह मन्त्रालयले सचेत गर्दै आएको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले समेत आइतबार भोटाहिटीस्थित साइबर ब्युरोको कार्यालयमा पुगेर यस बिषयमा अनुमगमन र निर्देशन दिनुभएको छ। ब्युरोले निर्वाचनसँग सम्बन्धित साइबर गतिविधिहरूको निगरानी, विश्लेषण गरी आवश्यक कारबाहीका लागि निर्देशन, सिफारिस तथा अनुसन्धान गर्न सक्ने कार्यादेश तोकिएको छ।

# आधिकारिक स्रोतलाई मात्रै आधार मानेर सूचना दिन निर्वाचन आयोगको आग्रह

काठमाडौँ, १२ माघ (रासस)।

निर्वाचन आयोगजका कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सञ्चार माध्यमहरूले आधिकारिक स्रोतलाई मात्र आधार मानेर समाचार एवं सूचनाको प्रवाह गर्न आग्रह गर्नुभएको छ।

सार्वजनिक सेवा प्रसारण नेपालले आयोजना गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ आचारसंहिता अभिमुखीकरण' बिषयक कार्यक्रममा प्रमुख आयुक्त भण्डारीले निर्वाचनका क्रममा भ्रामक समाचार फैल्याउनबाट जोगिन सुझाव दिनुभएको हो। उहाँले नागरिकलाई यतिबेला अत्यन्त सत्यतथ्य समाचार सामग्रीको खाँचो हुने हुँदा खास गरी सञ्चार माध्यमलले आचारसंहिताको पालना गर्ने र गराउने भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "सञ्चार माध्यमले सकेसम्म निर्वाचनका समाचार लेख्दा आधिकारिक स्रोतमा मात्रै आधार बनाउनुहुन अनुरोध गर्छु।" डिटिल प्लेटफर्म कृत्रिम बुद्धिमता (एआई) जस्ता एप्स प्रयोग गरेर यतिबेला सामाजिक सञ्जालमा कसैको छविमा आँच आउने खालका श्रव्यदृश्य सामग्री देखिएकाले यसलाई व्यवस्थापन गर्न निर्वाचन आयोगले मेटा, टिकटकलगायत सामाजिक सञ्जालसँग सम्झौता गर्न लागेको जानकारी दिनुभयो।

कार्यक्रममा आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचनको आचारसंहिता पालना गर्ने र गराउनका लागि निगरानी गर्ने दायित्व सञ्चार माध्यमको हुने बताउनुभयो। उहाँले खास गरी नेपाल टेलिभिजन, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति (रासस) लगायतका सरकारी सञ्चार माध्यमले नागरिक समक्ष सत्य र आधिकारिक समाचार सम्प्रेषणमा बढी जिम्मेवार हुनुपर्ने बताउनुभयो। उहाँले राससले सञ्चार गृहअन्तर्गत आन्तरिक रूपमा निर्वाचन आचारसंहिता बनाएकामा प्रशंसा गर्दै अन्य सञ्चार गृहले यस्तो अभ्यास सुरु गर्नुपर्ने बताउनुभयो।

सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा नागरिकलाई सही सूचना दिने र निर्वाचन सफल पार्न सघाउ पुर्‍याउन सञ्चारमाध्यमले अहम भूमिका खेल्नुपर्ने बताउनुभयो। सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले सञ्चारमाध्यमले निर्वाचन आचारसंहितासँगै पत्रकारको आचारसंहिता ध्यानमा राखेर पत्रकारिता गर्न सुझाव दिनुभयो। उहाँले सञ्चारकर्मी आफैँबाटै आचारसंहिता पालना भएको छ कि छैन भनि जाँच गर्नुपर्ने धारणा राख्नुभयो। कुनै पनि पार्टीका उम्मेदवार वा विचार धाराका कुरा सामाजिक सञ्जालमा राख्ने जस्ता गतिविधि नगरी निष्पक्ष ढङ्गले पत्रकारिताको धर्म निभाउनुपर्ने उहाँले बताउनुभयो।

टेलिभिजनले देशभरका आफ्नो समाचारदातालाई भिडियो कलमार्फत निर्वाचन आचारसंहिताबारे अभिमुखीकरण तालिम दिएको छ।

### *मापदण्डबमोजिम ...*

दाबीको भुक्तानी नगर्ने सूचना अधिकारी मल्लले बताउनुभयो। उहाँका अनुसार स्वास्थ्य बीमा बोर्डमा एक दिनमा १० करोड बराबरको रुपैयाँ स्वास्थ्य संस्थाहरूले भुक्तानीका लागि दाबी पेस गर्ने गरेका छन्। अहिलेसम्म करिब रु १२ अर्ब स्वास्थ्य बीमाबापत ती स्वास्थ्य संस्थालाई बोर्डले भुक्तानी गर्न बाँकी रहेको छ।

## विश्व समाचार

### अमेरिकामा भीषण आँधी : ११ हजार ४ सयभन्दा बढी उडान रद्द

न्यासभिल, १२ माघ (रासस/एपी)।

अमेरिकामा फैलिएको भीषण आँधीका कारण आइतबार देशभरि ११ हजार ४ सयभन्दा बढी हवाई उडान रद्द भएका छन्। हिमपात, बरफ जम्ने अवस्था र चिसो वर्षाले यात्रामा गम्भीर समस्या सिर्जना गरेको छ।

राष्ट्रिय मौसम सेवाका अनुसार दक्षिणी पहाडी क्षेत्रदेखि उत्तरपूर्वी भूभागसम्म फैलिएको आँधीले करिब १८ करोड मानिसलाई असर पार्ने सम्भावना छ। वाशिङ्टनदेखि न्यूयोर्क र बोस्टनसम्म ३० देखि ६० सेन्टिमिटरसम्म हिउँ पर्ने अनुमान गरिएको छ।

उडान अनुगमन संस्थाका अनुसार आइतबार मात्रै हजारौँ उडान रद्द भएका छन्, जुन महामारीपछिको सबैभन्दा ठूलो अवरोध मानिएको छ। न्यूयोर्कस्थित ला गार्डिया विमानस्थल आइतबार दिउँसो बन्द गरिएको थियो। फिलाडेल्फियामा ९४ प्रतिशत, ला गार्डियामा ९१ प्रतिशत र जे एफ के अन्तर्राष्ट्रिय विमानस्थलमा करिब ८० प्रतिशत उडान रद्द भएको छ।

डलास-फोर्ट वर्थ, चार्लोट, फिलाडेल्फिया र अटलान्टा लगायतका प्रमुख विमानस्थलहरू पनि गम्भीर रूपमा प्रभावित भएका छन्। उड्डयन विज्ञहरूका अनुसार उडान तालिका सामान्य अवस्थामा फर्किन धेरै दिन लाग्न सक्छ। प्रत्यक्ष रूपमा प्रभावित नभएका यात्रुहरू पनि श्रृङ्खलाबद्ध ढिलाइका कारण समस्यामा पर्न सक्ने बताएका छन्।

यदि उडान रद्द भएपछि यात्रुले यात्रा नगर्ने निर्णय गरेमा, टिकट फिर्ता नहुने भनिएको भए पनि पूरा रकम फिर्ता पाउने कानुनी अधिकार हुन्छ।

### यूक्रेन-अमेरिका-रूस त्रिपक्षीय वार्ता, शान्ति प्रक्रियाको सम्भावना बलियो

वासिङ्टन, १२ माघ (रासस/एपी)।

यूक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले आइतबार यूक्रेनको लागि अमेरिकाबाट प्रस्ताव गरिएको सुरक्षा ग्यारेन्टी दस्तावेज पूर्ण रूपमा तयार रहेको बताउनुभएको छ। दुई दिनसम्म चलाइएको वार्ता पछि तयार भएको यो दस्तावेजमा यूक्रेन, अमेरिका र रूसका उच्चस्तरीय प्रतिनिधिहरू सहभागी थिए। जेलेन्स्कीका अनुसार अब दस्तावेजमा हस्ताक्षरको मिति तय हुन बाँकी छ, र हस्ताक्षर पछि यसलाई अमेरिकी काङ्ग्रेस तथा यूक्रेनी संसदद्वारा अनुमोदन गरिनेछ। उहाँले यस अवसरमा यूक्रेनको प्रयासलाई पनि जोड दिनुभयो, जसअनुसार देशले सन् २०२७ सम्म युरोपेली सङ्घको सदस्य बन्ने लक्ष्य राखेको छ र यसलाई 'आर्थिक सुरक्षा ग्यारेन्टी'को रूपमा वर्णन गर्नुभयो।

ल वार्ता युएईको राजधानी अबु धाबीमा भएको थियो, र यसमा कूटनीतिज्ञसँगै तीनै देशका सैन्य प्रतिनिधिहरू पनि सहभागी थिए। जेलेन्स्कीले रूस र यूक्रेनबीचको आधारभूत मतभेदलाई स्वीकार्दै आफ्नो देशको क्षेत्रीय अखण्डताको सम्मान अनिवार्य रहेको बताउनुभयो। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी प्रतिनिधि टोलीसँग वार्ता गर्दै पूर्वी यूक्रेनका रूसले अवैध रूपमा कब्जा गरेका क्षेत्रहरूबाट यूक्रेनी सेनालाई फिर्ता गर्नुपर्ने अडान राखेका छन्।

अमेरिकी अधिकारीका अनुसार वार्तामा सबै पक्षले समझौताको लागि तयार रहनुपर्ने आवश्यकतामा जोड दिइएको छ। वार्ताका क्रममा सैन्य र आर्थिक विषयहरूसँगै युरोपकै ठूलो न्यूक्लियर पावर प्लान्ट, ज़ापोरिज्जियाको व्यवस्थापन र निगरानीको सम्भावित ढाँचा पनि छलफलमा आएको थियो, जुन हाल रूसको नियन्त्रणमा छ। अर्को राउन्ड वार्ता फेब्रुअरी १ मा युएईमा सञ्चालन हुने तय भएको छ। यसले रूस-यूक्रेनबीचको लामो समयदेखि जारी पूर्णस्तरीय युद्धलाई समाधान गर्न नयाँ अवसर प्रदान गर्न सक्ने अपेक्षा गरिएको छ।

### सिङ्गापुरको निर्माण क्षेत्रमा वृद्धि, औषधि उत्पादनमा कमी

सिङ्गापुर, १२ माघ (रासस/सिन्ह्वा)।

सिङ्गापुरको निर्माण उत्पादन डिसेम्बर सन् २०२५ मा वार्षिक आधारमा ८.३ प्रतिशतले बढेको सरकारको तथ्याङ्कले सोमबार देखाएको छ।

मौसमी रूपमा समायोजित आधारमा, नोभेम्बरसँग तुलना गर्दा कुल उत्पादन १३.३ प्रतिशत घटेको छ। छ वटा प्रमुख समूहमध्ये इलेक्ट्रोनिक्स, यातायात इन्जिनियरिङ् र प्रिसिजन इन्जिनियरिङ्ले वार्षिक वृद्धि देखाएका छन्। यसमध्ये इलेक्ट्रोनिक्सले ३०.८ प्रतिशतले सबैभन्दा ठूलो वृद्धि देखाएको छ।

तर, बायोमेडिकल निर्माण उत्पादन वार्षिक आधारमा ३८.८ प्रतिशतले घटेको छ। सिङ्गापुर आर्थिक विकास बोर्डका अनुसार औषधि खण्डमा उत्पादन ६९.७ प्रतिशतले घटेको छ, किनभने गत वर्षको तुलनामा सक्रिय औषधि तत्व (एपीआई) को मिश्रण फरक भएको थियो।

रासायनिक उत्पादनमा पनि वार्षिक कमी देखिएको छ, जबकि सामान्य निर्माण उत्पादन स्थिर रहेको छ।

# विपन्न विद्यार्थीहरुलाई झोला तथा स्टेशनरी वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित राष्ट्रिय प्राथमिक विद्यालय कोचाबखरीमा विपन्न विद्यार्थीहरुलाई सोमबार एक कार्यक्रमकाबीच झोला तथा स्टेशनरी वितरण गरिएको छ ।

कामना सेवा विकास बैंक लिमिटेड, राजविराज शाखाले समाजिक उत्तरदायित्व अन्तर्गत १८२ जना विद्यार्थीहरुलाई झोला तथा स्टेशनरी वितरण गरेको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि शाखाप्रमुख सूर्य नारायण मुखियाले शिक्षा नै समाज र राष्ट्रको समग्र विकासको आधार भएको उल्लेख गर्दै, कामना सेवा विकास बैंकले भविष्यमा पनि शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा यस्ता कार्यक्रम सञ्चालन गरिराख्ने प्रतिबद्धता जनाए ।

छिन्नमस्ता गाउँपालिकाका उपाध्यक्ष राजु देवी यादव, वडा अध्यक्ष कपिलेश्वर साह, तथा विद्यालयका प्रधानाध्यापक जेनिफर अन्सारी, शिक्षा अधिकृत बिरेन्द्र कुसियैत, क्षेत्रिय कर्मचारी दुर्गा ध्वज अधिकारी, शाखा कर्मचारीहरु रतन प्रसाद यादव र उमाकान्त देव सहितकाले झोला र स्टेशनरी वितरण गरेका थिए ।

विद्यालय परिवार तथा स्थानीय समुदायले बैंकको यस सामाजिक पहलप्रति धन्यवाद दिएका छन् ।

# रहेनन् पुराना काँग्रेसी भरत

**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**
नेपाली काँग्रेसका नेता भरत प्रसाद गुप्ता रौनियारको आइतबार निधन भएको छ ।

राजविराज ५ निवासी ६८ बर्षीय गुप्ताको आईतबार साँझ आफ्नै निवासमा निधन भएको हो ।

उनी विगत ५/६ बर्षदेखि अस्वस्थ्य रहँदै आएका थिए । वि.सं २०३६ सालको जनमत संग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा सक्रिय भई लागेका उनी प्रजातन्त्र पुनर्स्थापना पछि गठित सो वडाको बुथ समितिका सभापति समेत भएका थिए ।

रौनियार सेवा समाज सप्तरीका संस्थापक अध्यक्ष समेत भइसकेका उनलाई स्थानिय नेता तथा कार्यकर्ताले अन्तिम विदाई तथा श्रद्धान्जली अर्पण गरेका छन् ।



सोमबार विहान उनको निवासमा पुगेर काँग्रेसका जिल्ला उपसभापति रामकुमार यादव, सचिव सनत मंडल, क्षेत्रिय सभापति महानन्द यादव, काँग्रेसका नेता शम्भुलाल देव, ध्रुव देव, अर्जुनप्रसाद साह, इरसाद अन्सारी, समिर झा, कपलेश्वर साह लगायतले पार्टीको झण्डा ओढाएर सम्मान र श्रद्धान्जली अर्पण गरेका छन् ।

श्रद्धान्जली पश्चात उनको पार्थिव शरीर कोशी ब्यारेज घाटमा लगेर अनत्येष्टि गरिएको परिवारजनले जनाएको छ ।

यसैबीच सोमबार नै नेपाली काँग्रेसका सभापति रामदेव साहले एक शोक बकतव्य जारी गर्दै उनको निधनप्रति गहिरो दुःख तथा सम्वेदना प्रकट गरेका छन् ।

# सिरहाका चार निर्वाचन क्षेत्रमा नौ पूर्वमन्त्री चुनावी मैदानमा

सिरहा, १२ माघ (रासस) ।
सिराहामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको रौनक बढेको छ । जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय राजनीतिको केन्द्रमा रहेका र मन्त्री भइसकेका नौ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् ।

विशेषगरी सिरहा क्षेत्र नं ४ मा पूर्वमन्त्रीहरूको बाक्लो उपस्थितिले यस क्षेत्रलाई सबैको चासोको केन्द्र बनाएको छ । सिरहा निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिष्ट पार्टीकातर्फबाट पूर्वसामान्य प्रशासनमन्त्री रामचन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट निवर्तमान युवा तथा खेलकुदमन्त्री रहनुभएका बब्लु गुप्ताबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

त्यसैगरी क्षेत्र नं ३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पूर्वकानुनमन्त्री लीलानाथ श्रेष्ठ र नेकपाबाट पूर्वशान्ति तथा पुनःनिर्माणमन्त्री विश्वनाथ साह चुनावी मैदानमा हुनुहुन्छ । उहाँहरु दुई पुराना र अनुभवी नेता भएकाले पनि उहाँहरुबीचको प्रतिस्पर्धाले यहाँको चुनावी माहोललाई थप तताएको छ ।

सिरहा क्षेत्र नं ४ मा भने पाँच जना पूर्वमन्त्री चुनावी प्रतिस्पर्धामा छन् । यहाँ जनता समाजवादी पार्टी (जसपा) नेपालबाट पूर्वसूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव, नेकपाबाट पूर्वन्याय तथा कानुनमन्त्री अजयशङ्कर नायक, र नेकपा (एमाले)बाट पूर्वसामान्य प्रशासनमन्त्री धर्मनाथप्रसाद साह मुख्य प्रतिस्पर्धीका रूपमा छन् ।

यसका साथै, जनमत पार्टीकातर्फबाट पूर्ववन तथा वातावरणमन्त्री वीरेन्द्र महतो र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वविज्ञान तथा प्रविधिमन्त्री विश्वेन्द्र पासवान पनि यसै क्षेत्रबाट प्रतिस्पर्धामा हुनुहुन्छ ।

पुरानै र पटकपटक मन्त्री भइसकेका नेताको बाहुल्यता रहेको यस क्षेत्रमा नेपाली कांग्रेसले भने नयाँ अनुहारका रूपमा चन्द्रकला देवी यादवलाई अगाडि सारेको छ । त्यस्तै, यसै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तपेश्वर यादवलाई आफ्नो उम्मेदवार बनाएको छ ।

# नेशनल प्याब्सन सप्तरीका पुर्व अध्यक्ष साहको निधन



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**
नेशनल प्याब्सन सप्तरीका पुर्व अध्यक्ष सुबुधी साहको सोमबार निधन भएको छ ।

राजविराज ९ निवासी ७९ वर्षिय साह केही समयदेखी अस्वस्थ्य थिए । उनको उपचारकै क्रममा आफ्नै निवासमा निधन भएको हो ।

पुर्व जिल्ला शिक्षा अधिकारी समेत रहेका उनले समाजसेवी एवं शिक्षा क्षेत्रमा अतुल्नीय योगदान दिएका छन् । उनी बिभिन्न शिक्षा पुरस्कारबाट सम्मानित समेत भएका थिए ।

यसैबीच नेशनल प्याब्सन सप्तरीले पूर्वअध्यक्ष साहको निधनमा दुःख व्यक्त गर्दै मंगलबार एक दिन विद्यालय बन्दको निर्णय गरेको सप्तरी अध्यक्ष नरेश प्रताप साहद्वारा जारि सूचनामा उल्लेख छ ।

# देशभर सबैभन्दा बढी आगलागीका घटना

काठमाडौँ, १२ माघ (रासस) ।
पछिल्लो २४ घण्टामा देशभर २४ वटा विपद्का घटना घटेका छन् । हिमाली तथा उच्च पहाडी जिल्लामा हिमपातका कारण जनजीवन समेत प्रभावित भएको छ ।

विपद्का अधिकांश विवरणमा आगजनीका घटना शीर्ष स्थानमा छ । हिउँदको समयमा आगलागीका घटनामा उल्लेख्य वृद्धि हुने र जनधनको समेत क्षति हुने गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार देशभर १६ वटा आगलागीका घटना घटेका थिए । असावधानीका कारण परालको कुन्युमा आगो लागेको, हावाहुरीले आगो उडाउँदा अन्य क्षति भएको तथा आगो ताप्दा असावधानीका कारण आगो फैलन गई घाइते भएका जस्ता विवरण सार्वजनिक भएका छन् । विपद्मा परेर कुल रु २५ लाख ३० हजार बराबरको क्षति भएको जनाइएको छ । त्यसैगरी सात जना घाइते भएका छन् ।

प्राधिकरणको विवरण अनुसार मोरङमा दुई, सुनसरी, भोजपुर, सप्तरी, सिरहामा एक/एक वटा आगलागीका घटना भएका थिए । सर्लाही, रौतहट, बारा, रामेछाप, मकवानपुर, काठमाडौँ, पाल्पा, प्यूठान, कैलालीमा पनि आगलागीका घटना घटेका थिए । त्यसैगरी बाग्लुङ, रुकुम पूर्व, हुम्ला, बझाङ र बैतडीमा हिमपातका कारण जनजीवन प्रभावित भएको छ ।

सप्तरी, कपिलवस्तु र डोटीमा भने जनावरको आक्रमणका घटना घटेका छन् । प्राधिकरणले विपद्बाट जोगिन, सावधानी अपनाउन सबैलाई आग्रह गरेको छ ।

## वीरगञ्जनाका हुँदै सामान आयात बढ्यो

पर्सा, १२ माघ (रासस) ।
वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू चार खर्ब ३८ अर्ब २१ करोड मूल्यका वस्तु तथा सामान आयात भएको छ ।

गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै हुने आयात १५ दशमलव ३० प्रतिशतले बढी आयात भएको हो । जबकी गत आवको छ महिनामा भने रू तीन खर्ब ८० अर्ब छ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको छ महिनामा यो नाका हुँदै हुने आयातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

चालु आवको छ महिनामा रू ९० अर्ब छ करोड मूल्यको पेट्रोलियम पदार्थको आयात भएको छ । रू ३९ अर्ब तीन करोड मूल्यपर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । चालु आवको छ महिनामा रू ३० अर्ब एक करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रू २७ अर्ब ७२ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।

सोही अवधिमा २४ अर्ब ६१ करोड मूल्य पर्ने 'इलेक्ट्रिक मेसिनरी', उपकरण र तिनका पार्टपुर्जा आयात भएका छन् । त्यस्तै रू १९ अर्ब चार करोड मूल्य पर्ने कपडाहरु आयात भएका छन् ।

# निर्वाचन आचारसंहिता लागू गराउन सबै स्थानीय तह र जिल्ला समन्वय समितिलाई पत्राचार

काठमाडौँ, १२ माघ (रासस) ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै स्थानीय तह र ७७ वटै जिल्ला समन्वय समितिलाई निर्वाचन आचारसंहिता, २०८२ लागू गर्न, गराउन 'सर्कुलर' गरेको छ ।

निर्वाचन आयोगले २०८२ साल माघ ४ गते राति १२ बजेदेखि लागू गरेको आचारसंहिता सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिले पनि आ-आफ्नो क्षेत्रमा लागू गराउन पत्राचार गरेको मन्त्रालयका शाखा अधिकृत दीपेश कट्टेलले सबै स्थानीय तह र सबै जिल्ला समन्वय समितिलाई जारी गर्नुभएको पत्रमा उल्लेख छ ।

सरकारले २०८२ साल पुस १२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आचारसंहिता सार्वजनिक गरेको थियो । निर्वाचन आयोगले अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचन आचारसंहिता लागू गरेको हो ।

यही माघ ११ गते सम्पन्न राष्ट्रियसभा निर्वाचन र आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लागू गरिएको हो ।

मन्त्रालयले आवश्यक जानकारी तथा कार्यार्थ भन्दै सबै स्थानीय तह र सबै जिल्ला समन्वय समितिलाई पत्राचार गरी निर्वाचन आचारसंहिता लागू गराउन ध्यानाकर्षण गराएको हो । निर्वाचन आचारसंहितामा परिच्छेद १०, अनुसूची ५ र दफा ५५ रहेको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np